**DESIGNER WANTED**
संख्या : १ जना
तलब : आपसी समझदारीमा
**PAL CREATION** | **023-590580** **9852671580**

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**कोरोना संक्रमणदर घटेको मात्र हो: पूर्णरूपमा हटेको छैन । त्यसैले सचेत र सतर्क रहौं । विद्यालय तथा अन्य जमघटमा जाँदा स्वास्थ्य मापदण्डको अनिवार्य पालना गरौं ।**
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१३ ।। अङ्क : २६५ ॥ २०७८ मंसिर २२ गते बुधवार (8th Dec 2021 Wednesday) **Pratidin** National Daily dNo-?-%÷-

# ‘चिया श्रमिकको समस्याप्रति स्थानीय तह गैरजिम्मेवार’

***बिर्तामोड (प्रस) ।*** चिया श्रमिकहरुको समस्याप्रति स्थानीय तह जिम्मेवार हुनुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् । चिया श्रमिकहरुको न्यूनतम ज्यालालगायतका समस्याप्रति स्थानीय तहले वास्ता नगरेपछि उनीहरुले गुनासो गरेका हुन् । मानव अधिकार एलाइन्स झापाको आयोजनामा मंगलवार बिर्तामोडमा भएको चिया श्रमिकहरुको न्यूनतम ज्याला प्रावधान र कार्यान्वयन अबस्था विषयक बहुसरोकारवालासंगको अन्तरसंवाद कार्यक्रमका सहभागीहरुले चिया श्रमिकहरुको समस्या समाधान गर्न धेरै प्रतिवद्धता आएपनि त्यसको कार्यान्वयन नभएको बताए । 'प्रतिवद्धता धेरै छन् तर , कार्यान्वयन भएको छैन ' उनीहरुको भनाई छ । कार्यक्रममा बोल्दै प्रदेश सांसद जसमाया गजमेरले चिया श्रमिकहरुको समस्या प्रतिवद्धता तहमा कति पुग्यो



कति कार्यान्वयन भयो त्यसलाई समीक्षा गर्नुपर्ने बताइन् । उनले ऐन कानुनलाई व्यवस्थित बनाएर चिया श्रमिकहरुको समस्यलाई दिगो रुपमा समाधान गरि नुपर्नेमा जोड दिइन् ।कार्यक्रममा सहभागी चिया श्रमिकहरुले आफूहरुले विभिन्न समस्या लिएर स्थानीय तहमा जाने गरे पनि सुनुवाई हुने नगरेको बताएका थिए । चिया श्रमिकहरुको बढेको न्यूनतम दैनिक पारिश्रमिक रु ४१५ पुगेकोमा सबै चिया बगानहरुले त्यसलाई कार्यान्वयन नगरेको बताए । उनीहरुले आफूहरुको अबस्था नाजुक रहेको र जीवनयापन , शिक्षादीक्षा , स्वास्थ्यलगायतमा समस्या रहेको जानकारी दिएका थिए । कार्यक्रममा एलाइन्सका केन्द्रीय उपाध्यक्ष विदुर सुवेदी , केन्द्रीय सचिव देवेन्द्रकुमार विश्वकर्मा , गैरसरकारी संस्था महासंघका केन्द्रीय सदस्य छविलाल खतिवडा , झापा अध्यक्ष हरि गौतम , नारी कल्याण समाजका अम्बिका घिमिरे , विराट सामुदायिक अध्ययन केन्द्रका महेन्द्र कार्की , एकेन्द्र उप्रेती , नेपाल बाल संगठनका रोशन लामा , चेतना निरौला , लोकमाया ढुंगाना , नारी संचार गृहका भीमा शिवाकोटी , चिया मजदुरहरु राधिका कट्वाल , नारायण दर्जी , गान्धी उराउलगायतले आफ्ना धारणा राखेका थिए । कार्यक्रममा प्रेमा भट्टराईले चिया श्रमिकहरुको समस्याका बारेमा कार्यपत्र प्रस्तुत गरेकी थिइन् । कार्यक्रमको संचालन एलाइन्सका झापा अध्यक्ष रुद्र सिटौलाले गरेका थिए ।

# कांग्रेस सह-महामन्त्रीमा आङ्देम्बेद्वारा उम्मेदवारी घोषणा

***झापा (प्रस) ।*** नेपाली कांग्रेसको १४ औं महाधिवेशनमा नेता भीष्मराज आङ्देम्बेले सह-महामन्त्री पदमा उम्मेदवारी घोषणा गरेका छन्।
मंगलवार राजधानीमा पत्रकार सम्मेलन गरी केन्द्रीय सदस्यसमेत रहेका आङ्देम्बेले सह-महामन्त्री आदिबासी-जनजाति) पदमा उम्मेदवारी दिने घोषणा गरेका हुन्।
नेता आङ्देम्बेले नेपाली कांग्रेस पार्टीलाई चुस्त र दुरुस्त बनाउदै २१औं शताब्दीको पार्टीमा रुपान्तरित गरी युवा उमेर र सोचहरूलाई नेतृत्व गराउन सक्ने पार्टीमा रुपान्तरित गर्ने गरी आफूले उक्त पदमा उम्मेदवारी दिन लागेको जनाए।
आदिवासी-जनजातिको तर्फबाट आफ्नो उम्मेदवारी रहेको उनले बताए।
कार्यक्रममा आङ्देम्बेले समावेशी र सहभागितामूलक लोकतन्त्रलाई सार्थक बनाउन वर्तमान संविधानको रक्षा गर्दै यसको इमान्दारीपूर्वक कार्यान्वयन गर्न नेपाली कांग्रेसलाई सबल र एकताबद्ध बनाउन आफूले



पहल गर्ने पनि दाबी गरे।

आङ्देम्बेले पार्टीलाई वैचारिक रुपमा स्पष्ट, सांगठनिक रुपमा गतिशील र भावनात्मक रुपमा एकतावद्ध अनि अनुशासित र प्रशिक्षित कार्यकर्ताको ऊर्जाशील अभियानका रुपमा विकास गर्ने पनि प्रतिवद्धता जनाए।
लोकतन्त्रमाथिको चुनौती र खतरालाई सामना गर्नसक्ने, भ्रष्टाचार र पक्षपातको विरुद्ध सशक्त हुने तथा मुलुकमा कानुनी शासन र सुशासन प्रदान गर्दै राजनीतिक स्थायित्व प्रदान गर्न सक्षम पार्टीको रुपमा कांग्रेसलाई आम युवापुस्ता र नेपाली समाजको प्रतिनिधि शक्तिका रुपमा सबल बनाउने उनको योजना छ ।
पार्टीको सदस्यता प्रणालीलाई व्यवस्थित र आकर्षक बनाउँदै पार्टीको समग्र संगठन र हरेक तहको नेतृत्वमा स्वच्छता, न्याय र विवेकको वातावरण निर्माण गर्ने पनि उनको अर्को योजना छ । समाजमा द्वन्द्व र असन्तोष अवस्थाको उचित सम्वोधन गरी दिगो शान्ति कायम गर्दै संविधानको सुधार र संशोधन गर्न, संविधानप्रतिको आम अपनत्वको अवस्था सबल पार्न कांग्रेसको राजनीतिक अगुवाई गर्नेलगायत उनले चुनावी एजेन्डा अघि सारेका छन्।

कांग्रेसको १४ औं महाधिवेशन मंसिर २४ गतेदेखि काठमाडौंमा हुँदैछ।

साझा उम्मेदवार बुधवार बेलुका सार्वजनिक गर्छौं : पौडेल
कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले साझा उम्मेदवारीको विषय टुंगिएको बताएका छन् ।

# ओलीले एमाले सिध्याएर नारायणी नदीमा तिलाञ्जली दिए : नेपाल

***इनरुवा (प्रस) ।*** नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले नेकपा एमाले समाप्त पारेर केपी शर्मा ओलीले नारायणी नदीमा तिलाञ्जली दिएको बताएका छन्।
सुनसरीको इटहरी उपमहानगरपालिकामा मंगलवार पार्टीको १ नम्बर प्रदेशस्तरीय भेला तथा कार्यकर्ता प्रशिक्षण कार्यक्रममा उनले ओलीवादले एमाले समाप्त भइसकेकाले पार्टीभित्र रहेका नेता कार्यकर्ताको कन्तबिजोग हुने दिन छिट्टै आउने बताए।

अहिले एमालेभित्र रहेका नेता कार्यकर्तालाई समस्या भइरहेको भन्दै उनले एमाले नछोडे उनीहरुको समस्या झन् बढ्दै जाने बताए । एमालेको राष्ट्रिय भेलालाई कुम्भ मेलाको संज्ञा दिँदै अध्यक्ष नेपालले एमालेको हविगतका कारण पार्टीको झण्डा बोक्ने कार्यकर्तासमेत नहुने ठोकुवा गरे। चितवनमा गैँडालाई थमाइएको पार्टीको झण्डा छिट्टै अब बाँदरले बोक्ने दिनसमेत आउने उनको भनाइ थियो।
ओलीको एमालेभन्दा आफ्नो पार्टी देशभर सदृढ बन्दै गएको उनले उल्लेख गरे।
कार्यक्रममा १ नम्बर प्रदेशका मुख्यमन्त्री राजेन्द्रकुमार राईसहितका पार्टीका सयौँ नेता तथा कार्यकर्ताको सहभागिता थियो।

# ब्राउनसुगरसहित एक पक्राउ



***झापा (प्रस) ।*** प्रतिबन्धित लागूऔषध ब्राउनसुगरसहित एकजना पक्राउ परेका छन् ।
मंगलवार बिहान ११ बजे
मेचीनगर नगरपालिका वडा नं. ६ स्थित मेची खोलाको पुरानो पुलमा ईलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेको अवस्थामा सल्यान बनगाउँ नगरपालिका वडा नं. १ सल्लीबजार बस्ने ३० वर्षिय रमेश डि.सी.लाई शंका लागेर चेकजाँच गर्ने क्रममा उनले बोकेको पछाडी भिर्ने झोलामा रहेको किताबभित्र हरियो पातलो प्लाष्टिकले बेरी लुकाई छिपाई ल्याउँदै गरेको २३ ग्राम ब्राउनसुगर फेला पारेको थियो । उनलाई नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखी थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी बसन्त पाठकले बताए ।

# जनता जागौं अभियानमा जनमुक्ति



***अर्जुनधारा (प्रस) ।*** राष्ट्रिय जनमुक्ति पार्टीले मंसीर २१ गतेबाट राष्ट्रिय रुपमा 'जनता जागौं अभियान' सुरु गरेको छ ।
यलम्वर टाईम्सको सभाहलमा पार्टीका केन्द्रीय अध्यक्ष केपी पालुङ्वाले नेपालमा विकृति, विसंगति, बेतिथि र चरम भ्रष्टाचारले सीमा नाघ्न लागेको बताउँदै न्यायपालिका, कार्यपालिका,व्यवस्थापिकालगायतमा देखिएको बेतिथिहरुको अन्त्यको लागि 'जनता जागौं राष्ट्रिय अभियान' सुरु गरिएको बताए ।

पार्टी अध्यक्ष पालुङ्वाले अभियान मंसीर २१ बाट फागुन २१ सम्म पहिलो चरणमा रहेको जानकारी गराए । उनले अभियानका विषयमा जानकारी गराउँदै आफूहरुको मुख्य मुद्दा भ्रष्टाचार विरोधी भएको बताए । अध्यक्ष पालुङ्वाले सामान्य रुपमा आर्थिकमा मात्र भ्रष्टाचार देखिए पनि केलाएर हेर्ने हो भने राजनैतिक, नैतिक, बौद्धिकजस्ता क्षेत्रमा भ्रष्टाचारले जरा गाडेको बताउँदै सोको अन्त्यका लागि राष्ट्रिय जनमुक्ति पार्टी जनतामाझ जाने जानकारी दिए ।
पत्रकारसँगको भेटघाट कार्यक्रममा बोल्दै अध्यक्ष पालुङ्वाले सत्तामा बसेका ठूला दलहरुले हरेक क्षेत्रमा भागबण्डाको आधारमा बाँडफाँड गरि आफ्ना मान्छे राखेको बताए । उनले वर्तमान समयमा न्यायलयमा देखिएको बिकृती त्यसको उदाहरण भएको बताए ।

पालुङ्वाले न्यायलय जस्तो शुद्ध ठाउँमा पनि राज्य सत्तामा रहेका ठूला दलहरुले राजनीति घुसाउँदा त्यहाँबाट कसरी न्याय पाउन सकिन्छ ? प्रश्न गर्दै अब दलहरुले त्यस्तो कुरालाई रोक्नुपर्ने सुझाव पनि दिए । उनले मुलुकमा हरेक क्षेत्रमा राजनीतिले प्रवेश गरेको बताउँदै लाभका पदमा रहेकाहरुले राजनीति गर्ने परिपाटीको अन्त्य गर्नुपर्नेमा जोड दिए । उनले यदि राजनीति नै गर्ने हो भने जागिर छाड्नु पर्ने बताए । ' जागिर पनि खाने, राजनीति पनि गर्ने यो हुँदैन' उनले अगाडि भने, 'यसो गर्दा यहाँ आर्थिक र राजनीतिक भ्रष्टाचार हुन्छ । त्यो राष्ट्रिय जनमुक्ति पार्टीले स्वीकार गर्दैन ।'
उनले यी सबै कुराको अन्त्यको लागि पहिलो चरण भ्रष्टाचारको मुद्दालाई लिएर अगाडि पार्टी जनता माझ आएको बताए ।
कार्यक्रममा सिंहदरबार गाउँमा आईपुगे जस्तै भ्रष्टाचार पनि गाउँमा आईपुगेको कारण जनता जाग्नु पर्ने बताए ।
कार्यक्रममा वरिष्ठ उपाध्यक्ष मोहन धिमालले 'जनता जागौं अभियान'सँगै संगठनलाई पनि तिब्ररुपमा लैजाने जनाए ।

महासचिव पदम जवेगुले हामी निर्वाचनको सघारमा छौ भन्दै राष्ट्रिय जनमुक्ति पनि तयारी अवस्थामा रहने जानकारी दिए ।
कार्यक्रममा उपमहासचिव बिष्णु थाङ्देन, सचिव गजेन्द्र आङ्वोहाङ र महिला नेतृ मीना पन्धाकलगायतको उपस्थिति रहेको थियो । पार्टी प्रदेश अध्यक्ष पर्शुराम मगरको सभापतित्वमा भएको पत्रकार सम्मेलनको सञ्चालन कृष्णकुमार थेवेले गरेका थिए ।

# निर्माण व्यवसायी संघको साधारणसभामा ८ सम्मानित

***बिर्तामोड (प्रस) ।*** निर्माण व्यवसायी संघ झापाले आठजनालाई सम्मान गरेको छ। संघको १४ औं वार्षिक साधारणसभा तथा अधिवेशनमा मंगलबार बिर्तामोडमा उनीहरुलाई सम्मान गरिएको हो ।

सम्मानित हुनेहरुमा अग्रज व्यवसायी छत्रप्रसाद अधिकारी, उपेन्द्रप्रसाद सिंह, धर्म खड्का, रामप्रसाद




मैनाली, जेष्ठ सदस्य कृष्ण सिटौला, मरोणापरान्त सम्मान दिपेन्द्र पोखरेल, साहित्य सिर्जना तुलसी भट्टराई र पत्रकार सन्तोष न्यौपाने रहेका छन् ।

संघका झापा अध्यक्ष मिलन बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल निर्माण व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष निकोलस पाण्डेको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा नेपाल निर्माण व्यवसायी महासंघका प्रदेश अध्यक्ष मोहन अधिकारी , प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिना, संघका पूर्व अध्यक्ष गणेश बस्नेतलगायतले मन्तव्य राखेका थिए । स्वागत संघका उपाध्यक्ष शरद खनालले गरेको कार्यक्रमलाई महासचिव ओम पौडेलले सञ्चालन गरेका थिए । कार्यक्रममा प्रहरी उपरिक्षक सानुराम भट्टराईलगायतको उपस्थिति रहेको थियो । बुधवार हुने संघको निर्वाचनले नयाँ नेतृत्व चयन गर्ने जनाइएको छ ।संघमा २७६ जना व्यवसायी आवद्ध रहेका छन् ।



# माई नगरपालिका सेमिफाइनल प्रवेश



***नयाँबजार (प्रस) ।*** माईजोगमाई अध्यक्ष कपमा माई नगरपालिकाले बिजयी सुरुवात गर्दै सेमिफाइनल प्रवेश गरेको छ । उद्घाटन खेलमा माई नगरपालिकाले घरेलु टोली माईजोगमाई निलोमाथि ३-१ गोल अन्तरले जित निकाल्दै बिजयी सुरुवात गरेको हो । पहिलो हाफमा १-० को अग्रता बनाएको घरेलु टोलीले दोश्रो हाफमा सम्हालिन नसक्दा ३ गोल खान पुग्यो । खेलको सातौ मिनेटमा पाएको पेनाल्टीलाई माईजोगमाईले सदुपयोग गर्न सकेन । माईजोगमाईका खेलाडीको प्रहार माईका गोलरक्षक सञ्जय गुरुङले क्लियर गरिदिए । १२ औ मिनेटमा कप्तान सुदिप थेवेले माईजोगमाईलाई सुरुवाती अग्रता दिलाए । पहिलो हाफमा १-० ले पछि परेको माईको लागि खेलको ३७ औ मिनेटमा हरि मगरले बराबरी गोल फर्काए । ६५ औ मिनेटमा मिलन गुरुङले गोल गरेपछि माईले खेलमा २-१ गोल अन्तरको अग्रता बनायो । इन्जुरी समयमा सुजन तामाङले गोल गरेपछि माई ३-१ गोल अन्तरको जीत निकाल्दै सेमिफाइनलमा स्थान बनाउन सफल रह्यो । खेलको म्यान अफ द म्याच हरि मगर घोषित हुँदै मेडल र ट्रफी प्राप्त गरे । दोश्रो क्वाटरफाइनल खेल बुधबार गाडागल्ली इनोभेटिक झापा र पाहुना टोली भारतको मानेभञ्ज्याङ फुटबल क्लबबीच हुँदैछ ।

बालाचतुर्दशीको अवसरमा बालागुरु खेल मैदानमा जारी प्रतियोगितामा माईजोगमाई निलो, माईजोगमाई रातो, माई नगरपालिका इलाम, रेडहर्स क्लब इलाम, पाँचथर फुटबल क्लब, गाडागल्ली इनोभेटिक सोसाइटी झापा, जनता सेभेन सूर्योदय र भारतको मानेभञ्ज्याङ एफसीको सहभागिता रहेको छ । प्रतियोगिताको विजेताले २ लाख र उपविजेताले १ लाख सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ ।

# इनर व्हील क्लवको पदस्थापन




***भद्रपुर (प्रस) ।*** इनर व्हील क्लव अफ भद्रपुरको पदस्थापन कार्यक्रम सम्पन्न भएको छ । क्लवका अध्यक्ष कुशुम अधिकारी पराजुलीको अध्यक्षता तथा भद्रपुर नगरपालिकाका उप प्रमुख चन्द्रमाया श्रेष्ठको विशेष आतिथ्यतामा भएको कार्यक्रममा क्लवका गतिविधिहरुको बारेमा प्रकाश पार्दै तीन जना महिला सिटी रिक्सा चालकलाई सम्मान गरिएको थियो । प्रमिला ढकाल ओझाले संचालन गरेको कार्यक्रममा रोटरी क्लव अफ भद्रपुरका अध्यक्ष विगत ओझाले इनर व्हील क्लव भद्रपुरसंगको सहकार्यमा विभिन्न सामाजिक कार्य गर्ने प्रतिवद्धता जनाएका थिए ।

# प्रेस चौतारीको उपत्यका अध्यक्षमा सिलवाल



***झापा (प्रस) ।*** प्रेस चौतारी नेपालको उपत्यका प्रदेश कमिटी अध्यक्षमा हेमराज सिलवाल चयन भएका छन् । यससँगै प्रेस चौतारी नेपाल उपत्यका प्रदेश कमिटीले पूर्णता पाएको छ । कमिटीको अध्यक्षमा सिलवाल, उपाध्यक्षमा राजु सुवेदी, महिला उपाध्यक्षमा कविता अधिकारी, महासचिवमा विष्णु आचार्य, सचिवमा घनश्याम धमला, समावेशी सचिवमा रमेश गिरी र कोषाध्यक्षमा ज्योति जिसी चयन भएका छन् ।

प्रेस चौतारीका केन्द्रीय अध्यक्ष गणेश बस्नेतको प्रमुख आतिथ्यता र उपत्यका इञ्चार्ज प्रकाश सिलवाल, केन्द्रीय सदस्य संचिता घिमिरेको उपस्थितिमा सम्पन्न उपत्यकाको पदाधिकारी बैठकले उक्त जिम्मेवारी तोकेको हो । अध्यक्ष बस्नेतले संगठनको नवौं राष्ट्रिय महाधिवेशन तोकिनुपूर्व सदस्यता विस्तार र नवीकरण कार्य पूरा गरी दुई महिनाभित्र प्रदेश र जिल्ला कमिटीको अधिवेशन सम्पन्न गर्न निर्देशन दिएको बताए ।

# खोप लगाएकी महिलाको कोरोनाबाट मृत्यु

***झापा (प्रस) ।*** कोरोना सङ्क्रमण विरुद्धको खोप लगाएकी मकवानपुर हेटौंडाकी एक महिलाको कोभिड-१९ बाट मृत्यु भएको छ ।

हेटौंडा उपमहानगरपालिका-१४ का ६३ वर्षीया महिलाको मंगलवार बिहान हेटौंडा अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । हेटौंडा अस्पतालका कोभिड इन्चार्ज डा. प्रशान्त विडारीका अनुसार चार दिनअघि ती महिलामा कोरोना सङ्क्रमण पृष्टि भएको थियो । उनी मिर्गौला र मधुमेह रोगबाट समेत पीडित थिइन् । उनलाई कारोना सङ्क्रमण हुनु अगावै कोरोनाविरुद्धको खोप लगाइएको अस्पतालले जनाएको छ ।

## भूमिसुधार कार्यालय
भद्रपुर, झापा

## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोत गर्न छाडेको/ बेपत्ता भएकोले मोहीको लगत कट्टा गरी पाऊँ भनी कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९ को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी बिरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाण सहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र दावी बिरोध नभएमा भू.सं. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| जग्गाधनीको विवरण | जग्गाको ठेगाना | कित्ता नं. | क्षेत्रफल | मोहीको नाम थर |
|---|---|---|---|---|
| लोकमान सिह कार्की | गरामनी २ | १९३ | २४०५.०० | देवी वहादुर खड्का |
| धिरबहादुर अधिकारी | जुरोपानी ९ | ४८८<br>४८९ | १५६०.००<br>१५९०.०० | कुसुमलाल हलुवाई<br>रामरु नुनिया<br>कलुवा शाह तेली |

# नेपालमा ओमिक्रोन भेरियन्ट : अब के गर्ने

***झापा (प्रस) ।*** नेपालमा कोरोना भाइरसको नयाँ भेरियन्ट ‘ओमिक्रोन’ का संक्रमित देखिइसकेका छन् ।

दक्षिण अफ्रिकामा यो भेरियन्ट भेटिएको १२ दिनपछि नेपालमा पनि भेटिएको पुष्टि भएको हो । हालसम्म यो भेरियन्ट संसारका ४० वटाभन्दा वढी देशमा देखिइसकेको छ । विश्व स्वास्थ्य संगठनले दक्षिण पूर्वी एसियामा ओमिक्रोनको उच्च जोखिम रहेको उल्लेख गरिसकेको छ । डेल्टा भेरियन्टले दोस्रो लहरमा धेरै क्षति पुऱ्याएको नेपालमा पछिल्लो समय कोरोनाविरुद्धको खोप र अन्य कारणले संक्रमण कम हुँदै गएको थियो । जसले गर्दा जनजीवन सामान्यतर्फ फर्किसकेको अवस्थामा यो भेरियन्ट देखिएपछि पुन : अर्को त्रास फैलिएको छ ।

यो भेरियन्टका विषयमा धेरै कुरा अध्ययनकै क्रममा रहेका कारण पनि विज्ञहरूले अब थप सतर्कता अपनाउनुपर्ने सुझाब दिएका हुन् । इपिमिडियोलोजी तथा रोग नियन्त्रण महाशाखाका पूर्व निर्देशक तथा वरिष्ठ जनस्वास्थ्यविद् डा. बाबुराम मरासिनी नयाँ भेरियन्टका बारेका खासै धेरै जानकारी नआए पनि नयाँ भेरियन्ट पुष्टि भएपछि सरकारले परीक्षण र खोप कार्यलाई तीव्रता दिनुपर्ने बताउँछन् ‘ खोप नलगाएको भन्दा लगाएको राम्रो हुन्छ । त्यसैले अब सरकारले हालसम्म खोप नलगाएका समूह र यसअघि पूर्ण खोप लगाइसकेकालाई बुस्टर डोज तीव्र रूपमा दिनुपर्छ जसले गर्दा नयाँ भेरियन्टबाट हुने क्षति कम हुनसक्छ’ उनले भने ।

यस्तै विदेशबाट आउनेलाई प्रवेश दिन पूर्ण निषेध गर्ने नभए पूर्ण खोप लगाएको र पिसिआर नेगेटिभ आए मात्रै प्रवेश दिनुपर्ने बताए । सरकारले अब फेरि जनस्वास्थ्यका मापदण्ड कडाइका साथ लागू गराउनु पर्ने र भिडभाड कम गर्नुपर्ने उनको भनाइ छ । यता शुक्रराज ट्रपिकल तथा सरुवा रोग विशेषज्ञ डा.शेरबहादुर पुनले जनता यो भेरियन्टबाट तर्सनेभन्दा पनि सतर्क हुनुपर्ने बताए । फेरि जनस्वास्थ्यका मापदण्ड कडाइका साथ पालना गर्नुपर्ने समेत उनले बताए । यस्तै सरकारले अब संक्रमण बढ्छ कि बढ्दैन र अब देखिएका संक्रमितहरूको लक्षण कति कडा हुन्छ भन्ने कुरा विचार गरेर सोहीअनुसार अघि बढ्नु पर्ने बताए ।‘यो भेरियन्ट कति संक्रामक छ भन्ने कुरा हालसम्म बाहिर आएको छैन यस्तो वेला हाम्रोमा नयाँ भेरियन्ट देखिसकेको अवस्था छ । यस्तो वेला हाललाई गर्ने भनेको जनस्वास्थ्यको मापदण्ड कडाइका साथ पालना गर्ने र खोप नै लगाउने हो ’उनले भने ।

# रोकिएको ट्याक्टरमा ठोक्किएर मृत्यु




***बिर्तामोड (प्रस) ।*** झापामा सोमबार राति पौने ९ बजे भएको सवारी दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा बुद्धशान्ति २ का ३५ बर्षिय भिमप्रसाद पौडेल रहेका छन ।

प्रहरीका अनुसार मेचीनगर नगरपालिका १२ स्थित राजमार्गमा राति पौने ९ बजे रोकिराखेको को १ त ४०१६ नम्बरको ट्याक्टरमा पछाडिबाट मे ९ प ६००३ नम्बरको मोटरसाईकल ठोक्किएर भएको दुर्घटनाका घाईते चालक पौडेलको उपचारका क्रममा विर्तासिटी अस्पताल विर्तामोडमा मृत्यु भएको हो ।

जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौँ

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौँ,
- न्यानो कपडा लगाऔँ,
- घाम वा आगो तापौँ,
- तेल मसाज गरौँ,
- शारीरिक व्यायाम गरौँ,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौँ,
- ताजा र पौष्टिक खानेकुरा खाऔँ,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौँ,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लि.
हाम्रो नेपाल
हाम्रो सहकारी
हाम्रो भविष्य

नवौं वार्षिक साधारण अर्न्तगत
एकाईगत साधारण सभा सम्बन्धि अत्यन्त जरुरी सुचना

यस संस्थाको नवौं बार्षिक साधारणसभा अर्न्तगत एकाईगत साधारणसभा प्राविधिक कारणले मिति परिवर्तन गनुपर्ने भएको हुँदा तपशिल बमोजिम हुने गरि मिति, स्थान र समय निर्धारण गरिएकोले सोहि बमोजिम उपस्थित भईदिनुहुन सम्पुर्ण शेयर सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गरिन्छ ।

**तपशिल**

१. प्रतिवेदन सार्वजानिक कार्यक्रम : मिति २०७८ मंसिर २३ गते बिहिबार दिनको ३ बजे संस्थाको मुख्य कार्यालय बिर्तामोड

२. एकाईगत साधारसभाको कार्यक्रम : मिति २०७८ मंसिर २४ गते देखि २०७८ मंसिर २६ गते सम्म (कार्यालय समय भित्र संस्थाका सबै सेवाकेन्द्रहरुबाट)

३. मिति २०७८ साल मंसिर २७ गते भित्रमा सबै सेवाकेन्द्रहरुमा प्राप्त सुझावहरु मुख्य कार्यालयमा लिखित वा hamronepalcoop@gmail.com अथवा फोन नं. ०२३-५४५३५५ मार्फत पठाईसक्नु पर्नेछ ।

४. एकाईगत साधारणसभाको कार्यक्रम निम्न अनुसार हुनेछ ।

| क्र.स. | मिति | सेवाकेन्द्र | स्थान | समय | सम्पर्क ब्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | २०७८-०८-२४ | गौरादह | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | प्रदिप भण्डारी | ०२३-४८००३५ |
| | | दमक | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | सुजित दंगाल | ०२३-५८३०५५ |
| | | केरखा | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | मनिषा फागो | ०२३-४७५१५५ |
| | | शिवगञ्ज | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | जीवन भुजेल खवास | ०२३-४११०५० |
| | | गौरीगञ्ज | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | सुजन बुढाथोकी | ०२३-४१२०६० |
| २ | २०७८-०८-२५ | बिर्तामोड | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | ज्योती पराजुलि | ०२३-५३४५५५ |
| | | राजगढ | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | शान्तिमाया शेलिङ्ग | ९८०१४१३४५५ |
| | | सुरुङ्गा | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | उज्वल ओझा | ०२३-५५२५५० |
| | | मंगलबारे | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | प्रकाश लुईटेल | ९८०१३५९५५५ |
| | | झिलझिले | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | जीवराज दंगाल | ०२३-४७०६५५ |
| | | शनिश्चरे | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | डिल कुमारी उचै | ०२३-४६५०६५ |
| | | लक्ष्मीपुर | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | भिम कुमार अधिकारी | ०२३-५०३१०५ |
| | | खुदुनाबारी | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | सुमित भट्टराई | ०२३-४२००९५ |
| | | कामाटोली | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | देवप्रसाद गणेश | ९८०१४४२५५५ |
| ३ | २०७८-०८-२६ | चन्द्रगढी | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | विनोद हास्दा | ०२३-४५७३५५ |
| | | बनियानि | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | अर्जुन लामा | ९८०१४०८५५५ |
| | | बुधबारे | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | गोपाल मिश्र | ०२३-५५५५०० |
| | | चारआली | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | प्रतिमा गडतौला | ०२३-४६०१५५ |
| | | धुलावारी | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | कुसुम सुवेदी | ०२३-५६०२४४ |
| | | ईटाभट्टा | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | रेनुका प्रधान | ०२३-५६३९०३ |


साधारणसभा सम्बन्धि अन्तिम कार्यक्रम

मिति : २०७८/०८/२९ गते बुधबार
स्थान : सिटि सेन्टर बिर्तामोड (साई पार्टि प्यालेस)
समय : ११:०० बजे

पुनश्च : साधारणसभा सम्बन्धी कार्यक्रममा सहभागि हुन कार्यालयमा उपस्थित हुँदा तोकिए बमोजिमको स्वास्थ्य मापदण्डको पालना तथा मास्कको अनिवार्य प्रयोग गर्नुहुन अनुरोध छ ।

Birtamod, Jhapa 023-545355
hamronepalcoop@gmail.com

हरि ओम उद्योग UPVC
बिर्तामोड-१ (बाल्मिकी स्कुल पश्चिम) फोन: ०२३-५४२४६१
हाम्रा सेवाहरु: यु.पि.भि.सि. का विभिन्न डिजाईनका झ्याल ढोका पार्टेसन, रुफिङ्गका साथै आधुनिक आवास, विद्यालय, अस्पताल, होटलका भवनहरु निर्माण गरिन्छ।



नेपालमै पहिलो पटक बनेको ISO 2001/2015 मान्यता प्राप्त लिड केमिकल फ्रि भएको नेपालको एक नम्बर UPVC Nepatop
9842717153 / 9842696003

gj ;~rf/ uk k|ln;åf/f k|sflzt tyf gj ;~rf/ ck|m;]6 dlbl sfof{no ebk|/ a; :6]08 klZrd, uh'/dV\6f], latf{d[8 -em'kf_ km\g g+)@#–%$#*@) 0d]n pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# कमाउनकै लागि राजनीति

**राज्यको चौथो अंग पत्रकारिताको बारेमा विभिन्न सवाल अठ्ने गरेको छ। पत्रकारितामा निष्पक्ष र सन्तुलनलाई अधिक महत्व दिइन्छ। त्यसैले समाचारमा दलीय पक्षपोषण हुनु राम्रो होइन। अब अभियानकै रूपमा पत्रकारिता क्षेत्रलाई शुद्धीकरण गर्नुपर्छ।**

**हरेक पेसा व्यवसायमा जस्तै पत्रकारिताका पनि नैतिकताका पक्ष छन्। दुःखका साथ भन्नुपर्छ कि हाम्रो पेसा पत्रकारितामा ती नैतिक मूल्यहरू क्रमशः क्षीण हुँदैछन्। चिन्तित हुन सकेनौं भने पत्रकारिताले आर्जन गरेको विश्वास धमिलिँदै जानेछ। सबैको बीचमा पत्रकारिता फगत एउटा झुटसिद्ध हुनसक्छ। पत्रकारिता जनताको विश्वासमा अडिएको हुन्छ। पत्रिका, रेडियो, टेलिभिजन र अनलाइनका दर्शक, स्रोत र पाठकले ती सञ्चारमाध्यमलाई विश्वास गरेका हुन्छन्। उनीहरूकै विश्वास पत्रकारिताको सबैभन्दा ठूलो शक्ति हो। जुन कायम रहनुपर्छ। केही वर्षयता नेपाली पत्रकारिता क्षेत्र विकृत र धमिलो भइरहेको छ। यसलाई**
**सङ्ल्याउने आँट पनि यही क्षेत्रले गर्नुपर्छ। शुद्धीकरणको अभियान अब निर्मम ढंगले सुरु गर्नु पर्छ ।**

**नेपाल पत्रकार महासंघ केन्द्रीय समितिले मंसिर ५ गते विज्ञप्ति नै जारी गरेर केही विषयमा सचेत गराएको छ। पेशागत महासंघ बोल्नुपर्ने अवस्था आउनु राम्रो होइन। यद्यपि हाम्रा आचरण र नैतिकतालाई लिएर जनमानस बोलिरहेको छ। हामीले सुनेर पनि नसुनेझैं गरेको मात्रै हो। पत्रकारका पेशाको सुरक्षा र सरोकारका लागि दलीय रूपमा खुलेका सञ्चारसम्बद्ध संघसंगठनमा आबद्ध हुने कुरालाई सामान्य नै मानौं। पेसागत संघसंगठनबाहेक पनि राजनीतिक दलका विभिन्न समितिमा बसेर हामी पत्रकारिता गरिरहेका छौं। पक्कै न्याय गर्न सकेका छैनौं। विभिन्न दलका भ्रातृ संघसंस्थामा पत्रकार अनेकन पदमा निर्वाचित भइरहेका छन्। कोही महाधिवेशन प्रतिनिधि, कोही बुथ प्रतिनिधि, कोही क्षेत्रीय प्रतिनिधिका रूपमा चुनिएका तस्विर सार्वजनिक भइरहेका छन्।**

**नेपाल पत्रकार महासंघको विधान २०६० र यसको पाँचौं संशोधन २०७६ ले महासंघका केन्द्रीय समिति, प्रदेश समिति वा शाखा समितिका पदाधिकारी तथा सदस्यहरूले सो पदमा बहाल रहेसम्म कुनै राजनीतिक दल वा भ्रातृ संगठनको कुनै पनि तहको विभाग वा समितिमा रही काम गर्न पाउने छैन भन्ने व्यवस्था गरेको छ। सबैभन्दा लाजमर्दो कुरा त के छ भने महासंघका केन्द्रीय पदाधिकारी नै दलको निर्वाचनमा विभिन्न पदका उम्मेदवार छन्। यो पत्रकारिताको न्यूनतम मूल्य, मान्यता र विधानको व्यवस्थाको प्रतिकूल छ ।**

Pratidin National Daily
प्रतिदिन




तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# कसरी नेपाल बन्छ ?



• लक्ष्मण पन्त

नेपाल किन समृद्ध र विकसित बन्न सकेन ? किन नेपाल गरिबको गरीब छ ? किन नेपाल बन्न सकेन ? हरेक दिन नेपालीहरुलाई छाया जस्तै पछ्याइरहने चार शब्दको यो सवाल जति सरल लाग्छ, त्यसको उत्तर भने सरल र सहज छैन ।

त्यसो त सरकारका मन्त्री र सचिवहरुले मुलुकभित्र र बाहिर नियमितजसो हुने गोष्ठी, सेमिनार र फोरमहरुमा मुलुक प्रगतिपथमा अग्रसर भएको रंगीन प्रतिवेदनहरू प्रस्तुत गरेको पाइन्छ । त्यस्ता प्रतिवेदनहरू आफ्नो पद र जागिर जोगाउने उपक्रम मात्र हुन् भन्नेमा कोही पनि भ्रममा छैन । वास्तविकता त यो हो कि नेपाल संसारकै अति कम विकसित गरीब मुलुकहरुको श्रेणीमा पर्दछ । जनता हिजोका राणा राजतन्त्रको अवधिमा मात्र असन्तुष्ट थिएनन् , बहुदल र वर्तमान गणतन्त्र कालमा पनि उस्तै असन्तुष्ट छन् । नेपाली जनताले २४० वर्ष निरंकुशतन्त्र भोग्नु पर्यो, जसमा राज्यसत्तामा जनताको सहभागिता रहेन, जनता शिक्षाको अवसरबाट वञ्चित रहे । त्यस्तो अवस्थामा नेपाल गरीबी र पछौटेपनको शिकार हुनु स्वाभाविक थियो । त्यसपछिका सात दशक जनताले राजनीतिक संघर्षमा बिताए । मुलुकको विकासले खासै गति लिन सकेन । तथापि मुलुकमा लोकतन्त्र / गणतन्त्रको स्थापना भयो । लोकतन्त्र र गणतन्त्र कालमा सिंहदरबारले पश्चिमा पुँजीवादी विकासको मोडेल अवलम्बन गर्न पुग्यो, जसले गर्दा मुलुकको पुँजी, कच्चामाल, जलस्रोत, जनशक्ति सबै विदेश पलायन हुने अवस्था निर्माण भयो । यसलाई रोक्ने कुनै कदमहरू नेतृत्वले चाल्न सकेन । मुलुकको दशौं लाख जनशक्ति राज्यको प्रोत्साहनबाट विदेश पलायन भयो । मुलुकलाई समुन्नति र विकासको मार्गमा डोर्‍याउने दायित्व राजनैतिक नेतृत्वको हो । तर, बहुसंख्यक जनता नेतृत्वबाट निराश देखिन्छन् । किनकि, गणतन्त्र स्थापना भएको एउटा युग बितिसकेको छ तर मुलुक विकास प्रगति समृद्धि र सुशासनको मार्गमा अगाडि बढ्न सकेको छैन । राजनैतिक दलका नेताहरु आफ्नो दलको स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितमा काम गर्न सकेनन् एक अर्कालाई पछार्ने खेलमै लिप्त रहे, फलस्वरुप राष्ट्रिय एकता निर्माण हुन सकेन । नेपालजस्तो भूराजनीतिक अवस्थितिमा रहेको र आर्थिकरुपले परनिर्भर मुलुकमा शक्ति राष्ट्रहरुको स्वार्थलाई उपेक्षा गर्न नसकिने कुरा सही हो । तर, मुलुकको बागडोर सम्हालेको राजनैतिक नेतृत्व कहिल्यै पनि विदेशमुखी र परनिर्भरतावादी चिन्तनबाट मुक्त हुन सकेन । आफ्नो कुर्सी जोगाउन विदेशीहरु सामु नतमस्तक हुने परम्पराको विकास भयो ।बहुदलकालमा र गणतन्त्र आगमनपछि पनि वर्षैपिच्छेजसो सरकार बदलिने खेलले चरम राजनीतिक अस्थिरता सिर्जना भयो । अघिल्लो निर्वाचन स्थिरताको नारामा लडियो । जनताले नेकपालाई अत्यधिक बहुमतबाट जिताए । तर, पनि नेकपाले स्थिरता सुशासन दिन सकेन ।

माथिको विवरणबाट यो निष्कर्ष निकाल्न सकिन्छ कि राजनीतिक परिवर्तनको मिसनमा त मुलुकको राजनीतिक नेतृत्व काफी हदसम्म सफल रह्यो । तर, सत्ता सञ्चालनमा, मुलुकलाई स्थिरता, विकास र समुन्नति दिने सवालमा खरो उत्रिन सकेन । नेताहरुको आपसी सत्ता र शक्तिको संघर्ष र खिचातानीको शिकार जनता र सिंगो मुलुक बन्न पुग्यो । नेपाल किन बनेन भन्ने सवालको बुँदागत र सरसर्ती जवाफ यो बाहेक सम्भवतः अर्को हुन सक्तैन । अर्थात नेपालमा समुन्नति र समृद्धि ल्याउने आश्वासन जनतालाई दिएर लामो संघर्षबाट सत्तामा पुगेको राजनीतिक दल र त्यसको नेतृत्व पंक्ति नै मूलभूत रुपमा नेपालको गरीबी, पछौटेपन र कुशासनका लागि जवाफदेही छ । तर, नेतृत्वलाई दोष दिएर मात्र जनतालाई उम्कने बाटो यस कारण छैन कि जुन नेताहरुलाई जनताले गाली गर्ने गरेका छन् । तिनीहरुलाई जनताले नै चुनेर पठाएका हुन् ।

देश किन बनेन भनेर नेताहरूमाथि एकोहोरो दोषारोपण गरिरहँदा यो तथ्य पनि बिर्सनु हुँदैन कि चीन र भारतजस्ता दुई विशाल र शक्तिशाली मुलुकलाई सन्तुलनमा राखेर नेपालको अस्तित्व जोगाउने पनि मुलुककै नेताहरु हुन् । अमेरिका, रुस र बेलायतजस्ता शक्तिशाली सबै मुलुकहरूसित कुशलतापूर्वक मैत्रीपूर्ण र सन्तुलित सम्बन्ध राखेर मुलुकको स्वतन्त्रता सार्वभौमसत्ता, अखण्डता जोगाउने ऐतिहासिक काम गर्ने पनि हाम्रै देश हाँक्ने नेताहरु नै हुन् । हामीले देखेका छौं, इतिहासमा कसरी शासकहरुले विचार नपुर्याउँदा तिब्बत र सिक्किम सिद्धिए । कसरी पाकिस्तानको विभाजन भयो । कसरी तत्कालीन राष्ट्रपति जेआर जयवर्धनेको सरकार अमेरिकी खेमातिर लाग्दा ८० को दशकमा श्रीलंकालाई टुक्राउन सोभियत संघ र भारत श्रीलंकालाई टुक्राउन झण्डै सफल भएका थिए । तर, इतिहासदेखि आजसम्म नेपालको बागडोर सम्हालेका नेताहरुको कुशलताकै कारणले गर्दा राष्ट्र जोगिएको कुरा पनि बिर्सनुहुँदैन । यसका लागि बीपीदेखि महेन्द्रसम्म, पुष्पलालदेखि प्रचण्डसम्मका सबै नेताहरुको सकारात्मक योगदानलाई पनि नबिर्सौं ।

नेतृत्वको विषयलाई एकछिन पन्छाएर अब नेपाल किन बनेन भन्ने सवाललाई अरु कोणहरूबाट पनि पडताल गरौं । सडक र रेल्वे सञ्जाल नै विकास, प्रगति र समृद्धिका मुख्य आधार हुन् । अमेरिका युरोप आदि मुलुकहरुले तिनै विकसित पूर्वाधारको जगमा टेकेर नै प्रगति गरेका हुन् । तर, हामीकहाँ सडक र रेल नेटवर्क विकास गर्न कठोर भूगोलका कारण कठिन र अत्यधिक खर्चिलो छ । त्यसैले अमेरिका र युरोप भारत चीनतिरका रेल सञ्जाल हेरेर हाम्रो किन भएन भन्ने गुनासो गर्नुको खासै अर्थ छैन । संसारका समृद्ध मुलुकहरुको इतिहास हेर्ने हो भने ती सबैजसो मुलुकहरुमा आरम्भमा कृषि र औद्योगिक उत्पादनको निर्यात व्यापारबाट समृद्धिको जग बसेको हो । यद्यपि पछिल्ला दशकमा पर्यटन पनि यसमा थपिएको छ । प्रकृतिले नेपाललाई सबथोक दिएको छ । तर, समुद्र नदिएर हामीलाई ठगेको छ । समुद्री कार्गो नै निर्यात व्यापारको मुख्य आधार हो । हामी निर्यात व्यापारका लागि अप्ठेरो छिमेकी भारतमाथि निर्भर छौं । सात दशकमा भारतले कहिल्यै पनि हामीलाई सहज, सरल र निर्बाध रुपमा समुद्रसम्म पहुँच उपलब्ध गराएको छैन ।

मुलुकको विकास र समृद्धिका लागि कुनै पनि राष्ट्रका जनतामा उद्योग तथा व्यापार वाणिज्यमा उद्यमशिलताको आवश्यकता हुन्छ । तर, दुर्भाग्यवश विगत दुईसय वर्षको इतिहासमा नेपाली जातिको रुझान आफ्नै भौतिक सम्पदा उत्पादन गर्नेतिर होइन अरूका लागि सम्पदा उत्पादन गर्ने, त्यसको सुरक्षा गर्ने र त्यसबापत तलब बुझ्ने मानसिकताले आमनेपाली जनमानसमा घर गरेको छ । आफ्नो गाउँघरतिरका जमीन बाँझो राखेर पोर्चुगल र कोरियातिर कृषि कर्म गर्न नेपाली युवाहरु उद्यत देखिनु यही मानसिकताको उपज हो । राज्यले यसैलाई प्रोत्साहन गर्दछ । स्वीट्जरल्याण्ड वा इजरायलले गरेको प्रगतिको दुहाई त दिने गरिन्छ, तर त्यहाँका जनताको उद्यमशिलताको चर्चा भने हामी गर्दैनौं । यसबाट यो स्पष्ट हुन्छ कि हाम्रो इतिहासको विरासतबाट पैदा भएको मनोविज्ञान पनि हाम्रो प्रगति र समृद्धिमा बाधक बनेको छ । कुनै पनि मुलुकको विकास र समृद्धिमा त्यहाँका जनताको शिक्षादीक्षा र चेतनाको स्तरको निर्णायक भूमिका हुन्छ । हामीकहाँ राणाकालसम्म अर्थात आजभन्दा ७५ वर्ष पहिलेसम्म आमजनतालाई पढ्ने लेख्ने सुविधा थिएन । बेलायत इटलीजस्ता युरोपीय मुलुकहरुमा अक्सफोर्ड क्याम्ब्रिज आदि शिक्षाका केन्द्रहरु आजभन्दा आठ-नौ सय वर्ष पहिले नै खुलेका थिए । भारतमा आजभन्दा लगभग अढाई सय वर्ष पहिले नै मद्रास कलकत्ता मा कलेजहरू खुलेका थिए । हामीकहाँ पहिलो विद्यालय (राणाहरूका लागि) खुलेको सन् १८५४ मा हो भने त्रिभुवन विश्वविद्यालय खुलेको सन् १९५९ अर्थात ६२ वर्ष पहिले मात्र औपचारिक उच्चशिक्षाको आरम्भ नेपालमा भएको हो । यसलाई पनि हाम्रो पछौटेपन र अविकासको अवस्थाको एउटा महत्वपूर्ण कारण मान्न सकिन्छ । आखिर, जुनसुकै राज्य व्यवस्था वा प्रणाली भए पनि जबसम्म माथि उल्लेख भएका समस्याहरु सम्बोधन हुँदैनन् , तबसम्म नेपाल गरीब र अविकसित रहनु अनिवार्य छ ।

# सूचना प्रविधि क्षेत्रको सुदृढीकरण



ङु सुनिलकुमार के.सी.

सूचना प्रविधिको विविध क्षेत्रमा हाल दैनिक जसो नयाँ नयाँ प्रविधिको विकास तथा प्रयोग हुँदै आइरहेको देखिन्छ । नेपालमा समेत यस्ता प्रविधिको प्रयोगमा निरन्तर वृद्धि हुँदै गइरहेकोले नवीनतम प्रविधिको विकास तथा प्रयोगबाट प्राप्त हुन जाने अवसरमार्फत उचित लाभ उठाउन यस क्षेत्रको आवश्यक प्रवर्द्धन तथा नियमन जरुरी छ । जनतालाई सरल, सहज, सुलभ तथा प्रभावकारी सेवा विद्युतीय माध्यमबाट उपलब्ध गराई सरकारी निकायमा देखिएको लाइनलाई अनलाइनमा परिणत गर्न, सेवा प्रवाह गर्न लाग्दै आएको खर्चमा कमी ल्याउन एवं राजस्वको दायरा वृद्धिसमेतमा टेवा पुर्‍याउन सूचना प्रविधि क्षेत्रको आवश्यक सुदृढीकरण गर्न ढिला हुन थालेको महसुस भएको छ ।

नेपालमा वि.सं. १९८१ मा पहिलो टेलिफोन लाइनको स्थापनाबाट सञ्चार प्रविधिको प्रयोग सुरु भएको देखिन्छ भने वि।सं। २०२८ को जनगणनाको तथ्याङ्क प्रशोधनमा कम्प्युटरको प्रयोगपश्चात सूचना प्रविधिको समेत प्रयोग हुन थालेको देखिन्छ । वि.सं. २०५० तिर निजी क्षेत्रको मर्कन्टाइल कम्युनिकेसन प्रा.लि. तथा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानबाट शिक्षा तथा अनुसन्धान नेटवर्क परियोजनामार्फत इमेलको आदानप्रदान गरी इमेलको प्रयोग सुरु भएपश्चात सूचना प्रविधिको विश्व मानचित्रमा नेपालले आफ्नो उपस्थिति बढाउन सुरु गरेको पाइन्छ । सूचना प्रविधिको क्षेत्रको विकासबाट समुचित लाभ उठाउनुपर्ने आवश्यकतालाई महसुस गरी वि।सं। २०५३ मा दुरसञ्चार ऐन, वि.सं. २०५७ मा सूचना प्रविधि नीति २०५७, वि.सं. २०५८ मा राष्ट्रिय सूचना प्रविधि विकास समिति (गठन) आदेश, वि.सं. २०५९ मा सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति, वि.सं. २०६० मा दूरसञ्चार नीति, वि.सं. २०६३ मा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन निर्माण गरिएको छ । वि.सं. २०६४ मा विद्युतीय कारोबार नियमावली, वि.सं. २०६७ मा सूचना प्रविधि नीति (सूचना प्रविधि नीति २०५७ लाई विस्थापन), वि।सं। २०७१ मा ब्रोडब्याण्ड नीति, वि.सं. २०७२ मा सूचना तथा सञ्चार प्रविधि नीति (सूचना प्रविधि नीति २०६७ लाई विस्थापन) तर्जुमा तथा लागू गरेर समग्र सञ्चार तथा सूचना प्रविधिको क्षेत्रको नियमन गर्ने कानुनी संरचना तयार हुन थालेका हुन् ।

तर्जुमा गरिएका नीति, ऐन, नियमको सफल कार्यान्वयन गर्ने, आवधिक योजनाले लिएको लक्ष्य प्राप्त गर्ने एवं विभिन्न कार्ययोजना, फ्रेमवर्कहरूको सफल कार्यान्वयनका लागि वि.सं. २०५३ मा नेपाल दूरसञ्चार प्राधिकरण, वि.सं. २०५८ मा राष्ट्रिय सूचना प्रविधि केन्द्र, वि.सं. २०६० मा प्रधानमन्त्रीको संयोजकत्वमा सूचना प्रविधिसम्बन्धी उच्चस्तरीय आयोग (वि.सं. २०६९ मा विघटन भएको), वि.सं. २०६४ मा प्रमाणीकरण नियन्त्रकको कार्यालय (वि.सं. २०७४ को पुनर्संरचनामा खारेजीमा परेको), वि.सं. २०६९ मा सूचना प्रविधि विभागजस्ता सङ्गठनात्मक संरचनाको स्थापना समेत भएका छन् । हाल समग्र सञ्चार तथा सूचना प्रविधि क्षेत्रको विकास, विस्तार, प्रवर्द्धन तथा नियमन गर्ने कार्य क्षेत्रसहित विभागको अभिभावक मन्त्रालय तथा केन्द्र र प्राधिकरणको सम्पर्क मन्त्रालयको रूपमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय रहने गरी तोकिएको छ । हाल सूचना ⁄विधिको क्षेत्रमा क्रियाशील निकायमध्ये नेपाल दूरसञ्चार प्राधिकरण स्वायत्त निकायको रूपमा रहेको छ । राष्ट्रिय सूचना प्रविधि केन्द्रमा कार्यरत कर्मचारीहरू करार सेवामार्फत र अरू निकायमा निजामती सेवाका नेपाल विविध सेवाका कर्मचारीमार्फत सूचना प्रविधिसम्बन्धी कार्यको सम्पादन भइरहेको अवस्था छ । सूचना प्रविधिको प्रयोगलाई बढावा दिँदै सरकारका कार्यलाई सूचना प्रविधिमा आधारित गरी विभिन्न प्रणालीहरू सञ्चालन गरिरहेको हालको अवस्थामा यस्ता प्रणालीहरू सञ्चालनका लागि एकदमै न्यून जनशक्तिको पदपूर्ति भएको अवस्था विद्यमान छ ।

निजामती सेवाअन्तर्गत नेपाल विविध सेवाको सूचना प्रविधि क्षेत्रतर्फ हाल रा.प.प्रथम श्रेणीमा तीन जना, रा.प.द्वितीय श्रेणीमा २८ जना, रा.प.तृतीय श्रेणीमा ४०२ जना दुई जना तथा रा.प.अनं.प्रथम श्रेणीमा करिब दुई हजार ४१० जना र रा.प.अनं. द्वितीय श्रेणीमा करिब २४२ जना कार्यरत छन् । यसरी कार्यरत जनशक्तिमध्ये रा.प.अनं. प्रथम र द्वितीय श्रेणीमा कार्यरत कर्मचारीले डाटा इन्ट्री, चिठीपत्र बनाउनेलगायतका सहायक कार्यहरू सम्पादन गरिरहेका छन् । अधिकृतस्तरमा कार्यरत कर्मचारीहरू नीति निर्माण, राय सुझाव प्रदान, अनुगमन तथा मूल्याङ्कन, वार्षिक कार्यक्रम कार्यान्वयन, विभिन्न प्रणालीको व्यवस्थापन एवं सञ्चालनलगायतका कार्यमा संलग्न छन् ।

हाल देशको समग्र सञ्चार तथा सूचना प्रविधि क्षेत्रका लागि नीति निर्माण गर्ने जिम्मेवारी सूचना प्रविधि मन्त्रालय रहेको छ । दूरसञ्चार क्षेत्रको नियमन नेपाल दूरसञ्चार प्राधिकरणले गरिरहेको छ । सूचना प्रविधि क्षेत्रमा सरकारको परामर्शदाताको भूमिकासहित विद्युतीय सरकारको अवधारणाको कार्यान्वयन, सरकारी तथ्याङ्कको अद्यावधिक तथा सुरक्षण, सूचना प्रविधिको क्षेत्रमा अध्ययन अनुसन्धान, सूचना प्रविधि क्षेत्रमा मानव संसाधनको विकास, सरकारी निकायका लागि आवश्यक प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापन, सरकारी प्रणाली तथा तथ्याङ्कको सुरक्षा गर्ने कार्यहरू सूचना प्रविधि विभागमार्फत भइरहेको छ ।

विद्युतीय शासनका लागि सूचना प्रविधिको पूर्वाधार विकास र विस्तार, सूचनाको डाटाबैङ्क, डाटासेन्टर सञ्चालन, विद्युतीय भुक्तानी गेटवे सञ्चालन, सरकारी डोमेनहरूको दर्ता तथा सञ्चालन, सरकारी इमेलको सञ्चालनलगायतका कार्यहरू राष्ट्रिय सूचना प्रविधि केन्द्रले गरिरहेको छ । एन्पी डोमेनको दर्ता तथा सञ्चालन निजी संस्था मर्कन्टाइल कम्युनिकेसन प्रा.लि.मार्फत हुँदै आएकोमा हाल उक्त संस्थाले डोमेनको व्यवस्थापन गर्न कठिनाइ हुँदै गएको जानकारी गराएबमोजिम सोको दर्ता, सञ्चालन तथा व्यवस्थापन सूचना प्रविधि विभागले गर्ने गरी आवश्यक तयारी कार्य भइरहेको बुझिन आएको छ । हाल विभिन्न सरकारी निकायले आफूले सञ्चालनमा ल्याएका अधिकांश प्रणालीको निर्माण, विकास, अद्यावधिक तथा सञ्चालनका लागि निजी क्षेत्रसँग सहकार्य गरिरहेका छन् । यसरी प्रणालीहरू निर्माण तथा विकास गर्दा नेपाल सरकारको सूचना प्रविधिको सल्लाहकारको रूपमा रहेको सूचना प्रविधि विभागसँग राय/परामर्श गर्ने परिपाटी न्यून रहेको देखिएको छ ।

विभिन्न निकायले आफ्ना सेवाहरू विद्युतीय माध्यमबाट सञ्चालन गर्न निर्माण गरिएका प्रणालीहरू सम्बन्धित निकायले नै सञ्चालन तथा अनुगमन गर्नुपर्नेमा सूचना प्रविधिसँग सम्बन्धित जनशक्तिको दरबन्दी सीमित भई पूर्ति समेत न्यून मात्रामा हुनु, प्रणालीहरू सञ्चालनका लागि आवश्यक प्राविधिक ज्ञानको हस्तान्तरण समयमा हुन नसक्नु वा नहुनुलगायत अन्य विविध कारणले गर्दा यस्ता प्रणालीको नियमित सञ्चालन तथा मर्मत सम्भारका लागि निरन्तर रूपमा परामर्श सेवा लिनु परिरहेको देखिन्छ । कतिपय निकायले एकीकृत रूपमा विकास भइसकेका प्रणालीको सट्टामा छुट्टै एकल प्रणालीको प्रयोग गरिरहेका छन् । एकीकृत रूपमा विकास गर्न सकिने प्रणालीहरू छुट्टाछुट्टै विकास गरी प्रयोगमा ल्याइएका कारण उपलब्ध सीमित स्रोतसाधनको अनावश्यक तर उच्च प्रयोग भइरहेको अवस्था रहेकोले खर्च भइरहेको स्रोत र साधनवापत प्राप्त हुनुपर्ने प्रतिफल भन्दा कम मात्र प्रतिफल प्राप्त भइरहेको अवस्था छ ।

यसैगरी, सरकारले एकीकृत डाटासेन्टर स्थापना गरी सञ्चालन गरिरहेको अवस्थामा नेटवर्क, तथ्याङ्कको सुरक्षालगायत अन्य विविध कारण देखाउँदै कतिपय सरकारी निकायले छुट्टै डाटासेन्टरको स्थापना गरी सञ्चालन गरिरहेको पाइएको हुँदा एकीकृत डाटासेन्टरको विश्वसनीयता वृद्धि गरी सबै सरकारी निकायको तथ्याङ्क एकीकृत डाटासेन्टरमा नै रहनुपर्ने बाध्यकारी व्यवस्था गर्नुपर्ने देखिन्छ ।

विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन र नियमावलीले व्यवस्था गरेबमोजिम डिजिटल हस्ताक्षरको प्रयोग सुस्त गतिमा भइरहेको देखिएकोले सेवा प्रवाह तथा दैनिक कार्य सञ्चालनमा डिजिटल हस्ताक्षरको प्रयोग बढाउन आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गर्न जरुरी भइसकेको छ ।

हाल प्रयोगमा ल्याइएको डिजिटल हस्ताक्षरको वैधता नेपालभित्र मात्र सीमित रहेको अवस्थामा नेपाल बाहिर समेत वैधता प्राप्त गर्न आवश्यक कार्यहरू गर्न बाँकी देखिन्छ । सूचना प्रविधिको दुरुपयोग गरी हुन सक्ने कसुरको सुरु कारबाही र किनारा गर्ने तथा भएका निर्णय वा आदेशउपर पुनरावेदन सुन्न ऐनबमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशन गरी गठन गरिनुपर्ने 'सूचना प्रविधि न्यायाधीकरण' र 'सूचना प्रविधि पुनरावेदन न्यायाधीकरण' गठन गर्ने प्रक्रिया हालसम्म सुरु हुन सकेको देखिँदैन । डिजिटल नेपाल फ्रेमवर्कमा उल्लेखित एक राष्ट्र ८ क्षेत्र ८० पहलहरूको कार्यान्वयनका लागि बनाइएको कार्ययोजना कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा तत्काल सूचना प्रविधि महाशाखाको गठन गर्नु आवश्यक छ । साथै, सूचना प्रविधि क्षेत्रलाई अझ सुदृढीकरण गर्नका लागि सबै मन्त्रालयमा सूचना प्रविधि महाशाखा तथा सबै विभागमा सूचना प्रविधि शाखाको समेत गठन गरी सोहीबमोजिमको सङ्गठनात्मक व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ । यसका लागि आवश्यक जनशक्तिको आकलन गरी सोहीबमोजिमको सङ्गठन संरचना निर्माण तथा विस्तार गरी सूचना प्रविधि क्षेत्रमा कार्यरत जनशक्तिलाई नवीनतम प्रविधि अनुरूपको कार्य गर्न सक्षम र सबल बनाउन क्षमता अभिवृद्धि समेतको कार्य गर्न जरुरी भइसकेको छ । यसैगरी, देश संघीयतामा प्रवेश गरिसकेको हालको अवस्थामा केन्द्रीयस्तरमा मात्र रहेको सूचना प्रविधि विभागलाई प्रदेशस्तरसम्म विस्तार गर्न तथा सबै प्रदेशमा कम्तीमा एक/एक वटा डाटासेन्टरहरू रहने गरी मौजुदा पूर्वाधारहरूको समेत क्षमता अभिवृद्धि गर्नुपर्ने अवस्था छ ।

सन् २०२६ भित्र विकासशील राष्ट्रको सूचीमा स्तरोन्नति हुने क्रममा रहेको अवस्थामा दिगो विकास लक्ष्यहरू, चालु पन्ध्रौं योजनाले लिएका लक्ष्यहरू, विभिन्न नीतिले लिएका लक्ष्यहरूको प्राप्तिका अतिरिक्त डिजिटल नेपालको अवधारणामा आधारित डिजिटल नेपाल फ्रेमवर्कको कार्यान्वयनका साथसाथै वार्षिक रूपमा सञ्चालन गरिने कार्यक्रमको सफल कार्यान्वयनका लागि सूचना प्रविधिको प्रयोग व्यापक रूपमा वृद्धि गर्दै लैजानुपर्ने आवश्यकता रहेको छ । सूचना प्रविधिको विकास सँगसँगै देखापरेका नवीनतम प्रविधिहरू (जस्तै बिग डाटा, आर्टीफिसियल इन्टेलिजेन्स, मेसिन लर्निङ आदि) को प्रयोगमार्फत सरकारी सेवालाई थप प्रभावकारी एवं विश्वसनीय बनाउनुपर्ने अवस्था छ ।

# लागूऔषध मुद्दाका अभियुक्तको किर्ते नागरिकता मुद्दा अझै थाती



*झापा (प्रस) ।* लागूऔषध मुद्दामा पुर्पक्षमा रहेका भारतीय नागरिक राजकुमार सिंहको किर्ते नागरिकतासम्बन्धी मुद्दा थाती रहेको छ ।

स्रोतका अनुसार राजनीतिक र आर्थिक दबावका कारण झुटा विवरण पेश गरी नागरिकता लिएको विषय अगाडि बढ्न नसकेको हो । सिंहले किर्ते कागजात पेश गरी जिल्ला प्रशासन कार्यालय सप्तरीबाट नेपाली नागरिकता लिएको प्रमाण फेला परेको थियो । सिंह भारतीय नागरिक भएको भारतीय प्रहरीले नै पुष्टि गरिसकेको छ । सिंह भारत बिहार राज्य भीमनगर ग्रामपञ्चायत वडा-१० का स्थायी बासिन्दा भएको समाचार प्रकाशित भएपछि उनीबारे जिल्ला प्रहरी कार्यालय सप्तरीले छानबिन गर्दै जाँदा सिंहको पुर्ख्यौली सम्पत्तिसमेत भारतको भीमनगरमा रहेको प्रमाण फेला परेको थियो । नेपाल प्रहरीले छानबिन गर्ने क्रममा भारत भीमनगर ओपीमा कार्यरत सव-इन्स्पेक्टर शत्रुघनप्रसाद साहले सिंह भीमनगरको स्थायीवासी रहेको पुष्टि गरेका थिए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले सइ जयप्रकाश साहको नेतृत्वमा राजकुमार सिंहबारे छानबिन गर्दै आवश्यक प्रमाण जुटाउन प्रहरी टोली वीरपुर पठाएको थियो । झुठा विवरण पेश गरी नागरिकता लिएको विषयमा कारबाही अगाडि बढाउने भन्दै सप्तरी प्रहरीको पत्राचारअनुसार सुनसरी जिल्ला अदालतले झुम्का कारागारलाई पत्राचार गर्दै अभियुक्त सिंहलाई बयानका लागि सप्तरी पठाउन भनिए पनि राजनीतिक दबावका कारण उनको बयान अझै भएको छैन । जिल्ला प्रहरी कार्यालय सप्तरीको चलानी नम्बर १०११०, मिति २०७८ असार १३ गते थुनामा रहेका सिंहलाई नागरिकतासम्बन्धी कसुरमा बयान कार्यका लागि जिल्ला सरकारी वकिल कार्यालयले सप्तरी पठाई पुनः झुम्का कारागार फिर्ता ल्याउन जिल्ला अदालत सुनसरीले झुम्का कारागार कार्यालयको नाममा पत्र काटेको देखिन्छ । यद्यपि सुनसरीका केही जनप्रतिनिधिको राजनीतिक दबावका कारण सप्तरी प्रहरीले मुद्दा अगाडि बढाउन नसकेको स्रोतको दाबी छ । असार १३ गते नै सुनसरी जिल्ला अदालतले नागरिकतासम्बन्धी कसुर मुद्दामा बयानका लागि पठाउन भनिए पनि अभियुक्त भनिएका सिंहको बयान नहुनुले स्रोतको दाबीमा बल पुगेको देखिन्छ ।

धरानबाट ७७ ग्राम ब्राउनसुगरसहित २०७७ मंसीर १९ गते पक्राउ परेका सिंहलाई जिल्ला अदालत सुनसरीबाट धरौटीमा छुटाउन सरकारी निकायले नै चलखेल गरेको समाचार बाहिरिएको थियो । उनलाई जिल्ला अदालत सुनसरीबाट स्रोतको दाबीअनुसार ठूलो आर्थिक चलखेल गरेर छुटाउन सरकारी वकिलसहित केही निजी कानून व्यवसायीको अथक प्रयासका बावजुद जिल्ला अदालतले पुर्पक्षका लागि कारागार पठाउने निर्णय गयी । जिल्ला प्रशासन कार्यालय सप्तरीबाट साविक पकरी गाविस-२ (हाल महादेवा गाउँपालिका-१ जन्मस्थान भएको) भनी स्वर्गीय ठाकुरप्रसाद सिंहलाई नक्कली बाबु बनाई भारतीय नागरिक राजकुमार सिंहले नेपाली नागरिकता लिएकोमा त्यहाँका स्थानीयवासी भने सिंह थर गरेका व्यक्तिको सो क्षेत्रमा बसोबासै नरहेको बताउँछन् ।

सिंह भारत बिहार राज्य भीमनगर ग्रामपञ्चायत वडानम्बर १० का स्थायी बासिन्दा हुन् भने उनका बाबुको वास्तविक नाम रामबालक सिंह हो । रामबालक सिंहको मृत्यु भइसकेको छ । जिल्ला प्रशासन कार्यालय सप्तरीबाट नेपाली नागरिकता लिएका राजकुमार सिंहको नागरिकता नम्बर ०७३९३११३ रहेको छ भने जारी मिति २०४६ वैशाख १० गते हो । उनको भारतमा आधार कार्ड नम्बर ३२०८२९७२१८५६ रहेको छ भने बिहार राज्यको पञ्चायत आम निर्वाचन नामावलीमा नाम रहेको प्रमाणसमेत फेला परेको छ । झुम्का कारागारमा रहेका सिंहको लागूऔषध मुद्दामा उच्च अदालत विराटनगरले पनि सुनसरी जिल्ला अदालतको निर्णयलाई सदर गरिदिएपछि उनीमाथि दोहोरो मुद्दा चल्ने भएपछि छुटाउन गाह्रो हुने भन्दै दोहोरो नागरिकताको मुद्दा तत्काल नचलाउन सप्तरी प्रहरीमाथि दबाव परेको स्रोत बताउँछ । दोहोरो नागरिकता लिएका भारतीय नागरिक सिंह कोशी गाउँपालिका वडा नम्बर ८ भण्टाबारीकी तारा पौडेलका ज्वाइँ हुन् । पौडेल नेपाली काङ्ग्रेसकी स्थानीय नेतृ हुन् ।

सप्तरीको पकरी गाविसबाट ठाकुरप्रसाद सिंहलाई बाबु बनाएर राजकुमार सिंहले नागरिकता बनाएकोमा नागरिकतामा बाबु बनेका ठाकुरप्रसाद सिंह पनि भारत बिहारको राजजिरोगा ग्राम पञ्चायतअन्तर्गत भरफोडी ग्राम र थाना आन्द्रामण्ड र जिल्ला मधुवनी निवासी भएको प्रमाण सप्तरी प्रहरीले जुटाएको छ । ग्राम पञ्चायत राजजिरोगाकी मुखिया नूतन कुमारीले नेपाली नागरिकतामा राजकुमारका बाबु बनेका ठाकुरप्रसाद भारतीय नागरिक भएको भन्दै सप्तरी प्रहरीलाई पत्र लेखेकी थिइन् ।

**कांग्रेस...**

उनले त्यसका केही प्रक्रियाहरू पूरा गरेर बुधबार साँझसम्ममा त्यस्तो निर्णय सार्वजनिक गर्ने बताए । चाक्सीबारीस्थित नेता प्रकाशमान सिंहको निवासमा मंगलबार बसेको पौडेल समूहको बैठकपछि नेता पौडेलले केही प्रक्रिया पुऱ्याउन बाँकी रहेको भन्दै त्यो निर्णय बुधवार बेलुका सार्वजनिक हुने बताए । 'कांग्रेसको रुपान्तरण चाहने विचार समूहमा हामी साथीहरूले विभिन्न कोणबाट छलफल गऱ्यौं । हामी सहमतिको निकै नजिक पुगेका छौं । बुधवारसम्ममा केही प्रक्रिया पूरा गरेर बाहिर आउँछ,' पौडेलले भने, 'हामीले सबै दृष्टिकोणबाट छलफल गऱ्यौं । महाधिवेशनमा कसरी पार्टी जोगाउन सक्छौं भन्नेबारेमा छलफल गरेर एउटा निष्कर्षमा पुगेका छौं ।' पौडेल समूहबाट पौडेलसहित महामन्त्री शशांक कोइराला, पूर्वमहामन्त्री प्रकाशमान सिंह र केन्द्रीय सदस्य शेखर कोइराला सभापतिका आकांक्षी छन् । आफूहरूबीच एकता नभए टिम नै पराजित हुने निष्कर्ष निकाल्दै पौडेल समूहले एकताको प्रयास गरिरहेको छ ।

# हनुमान मन्दिर र यात्रु प्रतिक्षालयको उद्घाटन

*भद्रपुर (प्रस) ।* झापाको भद्रपुर १० स्थित हनुमान टोलमा हनुमान मन्दिर तथा यात्रु प्रतिक्षालयको एकसाथ उद्घाटन गरिएको छ ।

मंगलवार आयोजित एक कार्यक्रमका बीच नगर प्रमुख जीवनकुमार श्रेष्ठ तथा गोलोक गोबर्द्धन गौशालाका अध्यक्ष महाराज नन्दकिशोर भारद्वाजले मन्दिर तथा प्रतिक्षालयको संयुक्त उद्घाटन गरेका थिए ।



विभिन्न दाताहरुको सहयोगमा मन्दिर तथा प्रतिक्षालय निर्माण भएसंगै टोलको पहिचान समेत भएको छ ।

कार्यक्रममा समितिको प्रतिवेदन अध्यक्ष खड्गबहादुर बुढाथोकी तथा आर्थिक प्रतिवेदन कोषाध्यक्ष नयाँनाथ पाण्डेले प्रस्तुत गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि श्रेष्ठ , विशेष अतिथि उपप्रमुख चन्द्रमाया श्रेष्ठ , महाराज भारद्वाज, सामाजिक व्यक्तित्व घनश्याम अधिकारी ,वडा नं १० का वडाध्यक्ष टेकबहादुर खड्का काजीलगायतले मन्तव्य राखेका थिए ।

अध्यक्ष बुढाथोकीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत चन्द्रगढी समाज सेवाका अध्यक्ष कमलप्रसाद अधिकारी र संचालन देवीमाया अधिकारीले गरेका थिए ।

**निर्वाचन आयोग**

## जिल्ला निर्वाचन कार्यालय

**भद्रपुर, झापा**

### मतदाता नामावलीमा नाम दर्ता गर्न छुटेका मतदाताहरूलाई मतदाता नामावलीमा नाम दर्ता गराउने अत्यन्त जरूरी सूचना

निर्वाचन आयोगको निर्णय अनुसार झापा जिल्लाका १५ वटै स्थानीय तहँहरुमा मतदाता नामावलीमा नाम दर्ता गर्न छुट भएका योग्य मतदाताहरुलाई लक्षित गरेर जिल्ला निर्वाचन कार्यलय झापाले मिति २०७८ -०८ -१७ गते देखी मतदाता नामवली नाम दर्ता टोली खटाउदैछ। नाम दर्ता गर्न छुट भएका योग्य मतादताहरुले तपशिल बमोजिमको मिति र स्थानमा तदनुरुपको कागजातहरुलिई उपस्थित हुनका लागि अनुरोध गरिन्छ।

तपशिल

| क्र.स | स्थानीय तहहरुको नाम | कार्यक्रम सञ्चालन हुने मिति | कार्यक्रम सञ्चालन हुने स्थान |
|---|---|---|---|
| १ | विर्तामोड न.पा, अर्जुनधारा न.पा, हल्दिबारि गा.पा, कमल गा.पा, शिवसताक्षी न.पा र कन्काई न.पा | वि.स:२०७८-०८-१७ गते देखी वि.स:२०७८-०९-०२ सम्म | सम्बन्धित स्थानीय तहको कार्यलय |
| २ | मेचीनगर न.पा, बुद्धशान्ति गा.पा, कचनकवल गा.पा,गौरादह न.पा, झापा गा.पा,बाह्रदशी गा.पा | वि.स २०७८-०९-०४ देखी २०७८-०९-१८ गते सम्म | सम्बन्धित स्थानीय तहको कार्यलय |
| ३ | भद्रपुर न.पा | निरन्तर दर्ता | जिल्ला निर्वाचन कार्यलय र जिल्ला प्रशासन कार्यलय,भद्रपुर, झापा |
| ४ | दमक न.पा | निरन्तर दर्ता | ईलाका प्रशासन कार्यलय दमक झापा |
| ५ | गौंरीगंज गा.पा | निरन्तर दर्ता | ईलाका प्रशासन कार्यलय गौंरीगंज झापा |

आवश्यक कागजातहरु:

१. सम्बन्धित ठेगाना उल्लेख गरी जारी भएको नागरिकता भएमा –नेपाली नागरिकताको प्रमाण-पत्र मात्र।

२. अन्यत्र ठेगाना उल्लेख गरी जारी भएको नागरिकता भएमा –नेपाली नागरिकताको प्रमाण पत्र र बसाईसराईको सक्कल प्रमाण पत्र।

३. बिबाह गरेर आएका महिलाका लागि श्रीमान र श्रीमती को नागरिकता तथा बिबाह दर्ताको सक्कल प्रमाण पत्र ।

**द्रष्टब्य**

बाहिरी जिल्लाका योग्य मतदाताहरुको लागि सम्बन्धित जिल्लामै ठेगना राखी नाम दर्ता गर्न चाहेमा जिल्ला निर्वाचन कार्यलय भद्रपुर झापामा मिति २०७८।०८।१७ देखि २०७८।०९।१८ सम्ममा सम्पर्क राख्नु होला।

जिल्ला निर्वचान कार्यलय





**मानव डेन्टल**

काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड

फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५

दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



**प्रतिदिन** — वर्गीकृत विज्ञापन

**त्रिवेणी डिलक्स**
ग १ ख ६९०९



छुट्ने समय
बिर्तामोडबाट ०६:२०
सुरुङ्गाबाट ०६:४०
दमकबाट ०७: १०
विराटनगरबाट १०:२०
इटहरी बाट ११:००
Contact No. 9826965309 / 9816008626

**अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा**



PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

**सुपर काइनेटिक एक्सप्रेस कुरियर**
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

**राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्**
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
**पोखरेल अफसेट प्रेस**
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

**तपाईकोमा प्रतिदिन आएन ?**
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१९

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## राशिफल



ज्योतिस पं. लक्ष्मी सुवेदी
लक्ष्मीपुर, झापा
चिना,टिप्पन,वास्तु तथा ग्रहदशा, ज्योतिस तथा परामर्श सेवाको लागि सम्झनुहोला ।
सम्पर्क: ९८१६९१७७८७/९८१७०८१९९०

**मेष** आज प्रेमीको सहयोग प्राप्त हुनेछ । शेयर बजारमा रुचि बढ्नेछ ।

**वृष** महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । नजिक व्यक्तिबाट धोका पाइनेछ ।

**मिथुन** मित्रबाट विशेष सहयोग मिल्नेछ । बहुमूल्य वस्तु हात पर्नेछ ।

**कर्कट** विशिष्ट व्यक्तिको सहयोग मिल्ला । विद्या र बुद्धिको विकास हुनेछ ।

**सिंह** रमाइलो यात्राको योग रहेको छ । बन्धुबान्धवबाट सहयोग मिल्नेछ ।

**कन्या** यात्रामा मालसामान हराउन सक्छ । कार्य सम्पादनमा समस्या आउला ।

**तुला** आज रमणीय र सुखद् यात्राको योग छ । नयाँ कुराको अनुभव पनि मिल्नेछ।

**वृश्चिक** सामाजिक कार्यमा मन जानेछ । शुभकार्यको चर्चा चल्ने छ ।

**धनु** आँटेको र ताकेको कार्य पुरा होला । कार्य सम्पादनमा सहजता मिल्नेछ ।

**मकर** आर्थिक कारोबारमा मन्दी आउनेछ । मनमा दुबिधा उत्पन्न होला ।

**कुम्भ** नयाँ कामको योजना बन्नेछ । रोकिए काम दोहोर्याएर गर्दा फाइदा हुनेछ।

**मिन** दैनिक कार्यमा प्रगति हुनेछ । वित्तिय संस्थाबाट सहयोग पाईने छ ।